# बेथानचोक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

ढुंखर्क, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

बेथानचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ढुंखर्क, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल २०७३

पत्र संख्याः ०८०/०८१
चलानी नं. : 7066

मिति : २०८०/१०/२९

श्री वडा कार्यालय (सबै),
बेथानचोक गाउँपालिका, काभ्रेपलाञ्चोक ।

**विषय : आगामी आ.व. ०८१/०८२ का लागि बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धी सूचनाका सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस बेथानचोक गाउँपालिकाको मिति २०८०/१०/२९ गते प्रकाशित आगामी आ.व. ०८१/०८२ का लागि बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धी सूचना यसैसाथ संलग्न गरी पठाइएको छ । सूचनाबाट व्यहोरा अवगत गरी सोही बमोजिम गर्नु/गराउनुहुन अनुरोध गरिन्छ ।

80/10/29
..............................
राजेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

राजेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner

# बेथानचोक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

ढुंखर्क, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

बेथानचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ढुंखर्क, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल २०७३

पत्र संख्याः ०८०/०८१
चलानी नं.: 7066

मिति : २०८०/१०/२९

**विषय : आगामी आ.व. ०८१/०८२ का लागि बेरोजगार व्यक्ति सूचीकरण सम्वन्धी सूचना।**

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ सो को नियामावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ (दोस्रो संशोधन, २०७८ सहित) बमोजिम आ.व. ०८१/०८२ मा बेरोजगार व्यक्तिको रुपमा सूचीकृत भई न्यूनतम रोजगारीमा आवद्ध हुन इच्छुक (१८ देखि ५९ उमेर समूहका) व्यक्तिले आफू बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा २०८० फागुन महिनाभित्र निवेदन दिनुपर्ने व्यवस्था भएकोले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ (दोस्रो संशोधन, २०७८ सहित) को अनुसूची-१ बेरोजगार व्यक्तिले सूचीकरणको लागि दिनुपर्ने निवेदनको ढाँचा बमोजिम मिति २०८० फागुन १ देखि २०८० फागुन मसान्त भित्र सम्वन्धित वडा कार्यालयमा गई फाराम भरी बुझाउनुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**निवेदन साथ अनिवार्य रुपमा पेश गर्नु पर्ने कागजातहरु:**

१. निवेदकको नागरिकताको प्रतिलिपी र पासपोर्ट साइजको फोटो १ प्रति।

२. निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम, नाता, जन्म मिति, नागरिकता नं, जारी मिति, जिल्ला, शैक्षिक योग्यता सिप, दक्षता तथा रोजगारीको अवस्था (स्वदेश/विदेश/स्वरोजगार), स्थायी बसोबास खुल्ने आवश्यक कागजातको प्रतिलिपी : (ना.प्र. पत्र अन्यबाट जारी भएको भए बसाईसराईको प्रतिलिपी र ना. प्र पत्रमा स्थायी ठेगाना अन्यत्र उल्लेख भएको विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी)

३. कुल वार्षिक पारिवारिक आय, परिवारका कुनै सदस्यको सामाजिक सुरक्षा भत्ता तथा अन्य पेन्सन सुविधा पाए नपाएको विवरण।

४. निवेदकको काम सम्वन्धी अनुभव भएमा सो सम्वन्धी विवरण।

५. निवेदकको सर्म्पक नम्वर।

६. आ.व. ०८०/०८१ मा सूचीकृत भएका व्यक्तिहरुको हकमा उल्लेखित फाराममा लाभग्राही परिचयपत्र नं. अनिवार्य उल्लेख गर्नुपर्नेछ। **साथै चालु आ.व. ०८०/०८१ मा न्यूनतम रोजगारमा संलग्न भएका व्यक्तिले पुनः सूचीकृत हुन चाहेमा फारम भर्ने मितिसम्ममा रोजगारमा संलग्न भएको दिन संख्या अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।**

२०८०/१०/२९

..................
**राजेन्द्र भण्डारी**
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**

१) श्री सूचना प्रविधि शाखा - गाउँपालिकाको Website तथा फेसबुक पेजमा समेत सूचना प्रकाशित गरिदिनुहुन।
२) श्री सबै वडा कार्यालयहरु - सूचनाको पहुँच पुग्नेगरी सम्बन्धित ठाउँठाउँमा सूचना टाँस गरिदिनुहुन।

**(नोट : गत आ.व. मा बेरोजगार व्यक्तिमा सूचीकृत भएका व्यक्तिहरुले समेत पुनः सूचीकृत हुन चाहेमा सम्बन्धित वडा कार्यालयमा गई नियमानुसार निवेदन पेश गर्नुपर्नेछ। थप जानकारीको लागि बेथानचोक गाउँपालिकाको, रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सक्नुहुनेछ।)**

***(निवेदन दर्ताका लागि www.pmep.gov.np>प्रकाशन>अन्य>बेरोजगार व्यक्ति दर्ताका लागि दिने निवेदनको ढाँचा मा गई फाराम Download गर्न सकिनेछ।)***



Scanned by CamScanner